# स्थानीय राजपत्र

खण्ड ७ संख्या ५ मितिः २०८१।०१।२६

भाग-१
जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## जनकपुरधाम उपमहानगरपालिका छाडा पशुचौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन,२०८०

### प्रस्तावना –

जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र जथाभावी छाडीने बेवारिसे छाडा पशु चौपायाले सडक एव सार्वजनिक स्थलमा पुर्याइरहेको अवरोध तथा फोहोरहरु नियन्त्रण गर्न,कृषि बालिको नोक्सानी तथा क्षति नियन्त्रण गर्न ,यातायातका साधन तथा सर्वसाधारणको आवागमनमा अवरोध पुर्याई हुन सक्ने दुर्घटनालाई रोक्न र उपमहानगरपालिकाले अंगिकार गरेको "जनकपुरधाम उप-महानगर धार्मिक सांस्कृतिक,पर्यटकीय समृद्ध नगर जनकपुरधाम" भन्ने नारालाई व्यवहारमा उतार्ने सन्दर्भमा यस्ता छाडा पशु चौपायाहरुबाट हुन सक्ने विभिन्न अवरोधलाई तत्काले नियन्त्रण गरि व्यवस्थापन गर्न बान्छनीय भएकोले ,नेपालको संविधानको





धारा २२६ स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम जनकपुरधाम उपमहानगरपालिकाको नगर सभाले छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८० बनाएको छ।

## परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भ –**

(१)यस ऐनको नाम "छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन,२०८०" रहेको छ
(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुने छ।

**२. परिभाषा –** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "उपमहानगरपालिका " भन्नाले जनकपुरधाम उपमहानगरपालिका सम्झनु पर्दछ।
(ख)" सभा " भन्नाले उपमहानगरपालिकाको नगर सभा लाई सम्झनु पर्दछ।
(ग) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ।
(घ) "उपप्रमुख" भन्नाले नगर उपप्रमुख लाई सम्झनु पर्दछ।
(ङ) "कार्यपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।
(च) "कार्यालय"भन्नाले उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
(ज) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका चौपायाहरू गाई, गोरु ,बाच्छा, बाच्छी, राँगा, भैंसी, सुँगुर, बंगुर,बाखाबाखी,बोका लगायतका चार खुट्टे चौपायाहरुलाई सम्झनु पर्दछ र सार्वजनिक सडकमा जानाजान बाँधिएका पशु चौपाया समेतलाई जनाउनेछ।
(झ) "पालन क्षेत्र" भन्नाले मुल समितिले छाडा चौपयाहरुलाई व्यवस्थित रुपमा पालनका लागि उपमहानगरपालिका क्षेत्रभित्र वा अन्य सम्वृद्ध उपमहानगरपालिकाहरु संग समन्वय र सहकार्य गरि चौहदि खोलि छुट्याएको भू- भागलाई सम्झनु पर्दछ।
(ञ) "चरण क्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि उपमहानगरपालिका क्षेत्र भित्र वा अन्य सम्वृद्ध उपमहानगरपालिकाहरुसंग समन्वय र सहकार्य गरि चौहदी खोली छुट्याइएकाक्षेत्र लाई सम्झनु पर्दछ।
(ट) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले समय समयमा निर्णय गरि जारी गरेको आदेश तथा निर्देशन समेतलाई सम्झनु पर्दछ
(ठ) "अनुगमन समिति" भन्नाले यस ऐन अनुसार गठन गरिएको अनुगमन समिति सम्झनु पर्दछ।

## परिच्छेद -२

### सरोकारवालाहरुको काम,कर्तव्य र अधिकार

**३. पशु चौपाया धनीको कर्तव्य**

(१) कुनै पनि पशु चौपाया धनीले आफ्ना पशुचौपायाहरु व्यवस्थित तवरले पालन पोषण गर्नु पर्दछ
(२) पशु चौपाया धनीले आफुले पालेका भाले वा स्त्री जाती पशु चौपाया बीच कुनै भेदभाव गर्नु हुदैन।
(३) कुनै गलत नियत राखी आफुले पालेका पशु चौपायालाई अस्वस्थ बनाई मर्न दिनु हुँदैन तथा बेवारिसे गराउनु हुदैन कालगतिले मरेका चौपायालाई उचित स्थानमा तुरुन्तै गाढी दिनु पर्दछ।
(४) पशु चौपाया धनीले जानी जानी वा अनजानमा समेत आफुले पालेका पशु चौपायाहरु सार्वजनिक स्थल,सडक आदिमा अनियन्त्रित रुपमा छाडा छाड्नु हुदैन।
(५) पालिएका पशु चौपायाहरु कुनै कारणबाट आफ्नो घर गोठ छाडी सार्वजनिक स्थलमा गई बेवारिसे अवस्थामा घुमफिर गरेको पाइएमा त्यस्ता चौपायाका धनिले पशु चौपायाको जिम्मालिई तुरुन्त आफ्नो जिम्मामा लैजानु पर्दछ।
(६) नगरपालिकाले तोकेको ढाँचा र समयमा आफ्नो चौपयाहरुको विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

**४. नगरबासी तथा संघ संस्था को कर्तव्य:–**

(१) बेवारिसे अवस्थामा सार्वजनिक स्थलमा देखिने पशु चौपायाको पहिचान गरी त्यस्ता पशु चौपायाका धनीलाई तुरुन्त आफ्नो जिम्मामा लैजान भनि खबर गर्नु सर्वसाधारण, नगरबासी तथा स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(२) छाडा पशु चौपाया बाट सार्वजनिक स्थलमा हुने असुविधा, फोहोरमैला,सडक दुर्घटना तथा वातावरण एवं हरियालीमा पर्ने नकारात्मक असरबारे जनचेतना जगाई चौपायाहरू बेवारिसे अवस्थामा छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(३) छाडा पशु चौपाया नियन्त्रणका लागि नगरपालिकाले संचालन गरेको अभियानमा आवश्यक सहयोग, सल्लाह र सूचनाहरु उपलब्ध गराउनु प्रत्येक नगरबासी र स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ।

(४) उपमहानगरपालिकाको छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनमा पशु चौपायाको क्षेत्रमा काम गर्ने संघ संस्थाको पनि कर्तव्य हुनेछ।

**५. नगरपालिकाको काम, कर्तव्य र अधिकार:–**

**(१) नगरपालिकाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

(क) नगरपालिकाले यथासम्भव आफ्नो नगर क्षेत्र भित्र पालिएका पशु चौपायाहरुको वडागत रुपमा लगत तयार गरि यस्तो लगतमा जन्म तथा मृत्यु हुने पशु चौपयाहरुको विवरण अध्यावधिक गर्न चौपाया धनी र वडा समितिलाई निर्देश गर्न सक्नेछ।

(ख) छाडा पशु चौपायाबाट पर्न सक्ने नकारात्मक असरहरुको सम्बन्धमा स्थानीय संघ संस्थाहरु संगको समन्वयमा जनचेतना मूलक कार्यक्रम संचालन गरि नगरवासीलाई सुसूचित गराउने र जनदवाब सृजना गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ।

(ग) छाडा पशु चौपायाको नियन्त्रण र व्यवस्थापन गर्ने क्रममा आवश्यकतानुसार गौशाला, कान्जी हाउस वा अन्य व्यवस्थापन गर्नुपर्ने छ। गौशाला वा कान्जी हाउसमा रहेका पशुचौपाया कोही कसैले पाल्नका लागि लिन चाहेमा कार्यालयको निर्णय अनुसार तथा गौशाला इन्चार्जको इजाजतबाट दिन सकिने छ।

(घ) नगरपालिकाले छाडा पशु चौपाया नियन्त्रणका लागि छाडा पशुचौपायाबाट प्रभावित अन्य छिमेकी पालिका संग साझेदारी एवं सहकार्य गरी संयुक्त प्रयासमा व्यवस्थापन गर्न सक्नेछ।

(ङ) नगरपालिकाले यस्ता छाडा पशु चौपाया नियन्त्रण गर्न निजि क्षेत्र वा कुनै संघ संस्था संग साझेदारी,सहकार्य गरि संयुक्त व्यवस्थापन गर्न वा त्यस्ता व्यवस्थापनको लागि जिम्मा दिनसक्नेछ।

(च) छाडा पशु चौपायाबाट हुने हानी नोक्सानीको परिस्थितिलाई मध्यनजर राखेर त्यस्तो हानी नोक्सानी हुन नदिनका लागि नगरपालिकाले छाडा चौपायाको प्रभावकारी रुपमा नियन्त्रण र व्यवस्थापन गर्नेछ।

**(२) वडा कार्यालयको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

(क) आफ्नो वडा क्षेत्रमा छाडा चौपाया नियन्त्रण गर्न हरसंभव उपायहरु अवलम्बन गर्ने यस विषयमा आवश्यकतानुसार छिमेकी वडाहरुसंग समन्वय गर्ने।

(ख) छाडा चौपाया नियन्त्रणका लागि नगरपालिकाले संचालन गरेको अभियानमा सक्रियतापूर्वक सहभागी हुने संघ, संस्था संग समन्वय गरी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।

(ग) आफ्नो वडा भित्र छाडा चौपाया नियन्त्रण र व्यवस्थापन गर्न नगर कार्यपालिकाले निर्देश गरे बमोजिम यस ऐनको परिच्छेद -३ मा व्यवस्था गरिएको दण्ड,जरिवाना एवं लिलाम सम्बन्धी कार्य गरी प्राप्त हुन आउने रकम नगरपालिकाको कोषमा जम्मा गर्ने र सोको अभिलेख दुरुस्त राख्ने।

(घ) वडा क्षेत्र भित्रका पशुपालक कृषकहरुबाट तोकिएको ढाँचामा पशु लगत लिई सोको विवरण अध्यावधिक गरि राख्ने।

(ङ) नगर कार्यपालिकाले निर्देश गरेको अन्य कामहरु गर्ने।



अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

## परिच्छेद -३

## दण्ड,जरिवाना र लिलाम बिक्री सम्बन्धी व्यवस्था

**६. पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय हुने :-**

घर गोठमा पालिएका पशु चौपायाहरु सार्वजनिक स्थलमा बेवारिसे अवस्थामा छाड्न हुँदैन कुनै चौपाया धनीले आफूले पालेका चौपायाहरू नियतवस वा जानी जानी घर गोठबाट वा आफ्नो जिम्माबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेलचक्र्याई गरी त्यस्ता पशु चौपाया जथाभावी छाडीदिने तथा अरुको बालीनाली हानी नोक्सानी पुयाउने र सार्वजनिक सडकमा बाँधी राख्ने कार्य दण्डनीय हुनेछ।

**७. दण्ड जरिवाना सम्बन्धी व्यवस्था-**

(१) दफा ६ बमोजिम कोही कसैले आफूले पालेका पशु चौपायाहरु नियतवस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा बेवारिसे गराई छाडिदिने अथवा हेलचक्र्याई गरि त्यस्ता पशु चौपाया जथाभावी छाडि दिने र सार्वजनिक सडकमा बाँधि दिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनीको यकिन पहिचान गरि तोकिएको जरिवाना दस्तुर र प्रतिदिनको देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिइएका त्यस्ता छाडा पशु चौपाया निज पशु चौपाया धनिकै जिम्मा लगाउने छ। त्यसरी जरीवाना गरिएको र जिम्मा लगाईएको पशु चौपायाको अभिलेख समेत राखिने छ।

(क) ठूलो पशु गाई/भैसी (माउ) रु.५०००/- र प्रतिदिनको थप रु.१०० को दरले लाग्ने छ।

(ख) बाछा/बाछी/पाडा/पाडी (कोरली) रु.२५००/- र प्रतिदिनको थप रु.१०० को दरले लाग्ने छ

(ग) बाछा/बाछी/पाडा/पाडी (दुध खाने ) प्रतिदिनको रु.५० को दरले लाग्ने छ।

(घ) बंगुर/सुंगुर रु.३०००/-र प्रतिदिनको थप रु.३० को दरले लाग्ने छ

(ङ) बंगुर/सुंगुरको पाठापाठी (दुध खाने) रु.१५००/-र प्रतिदिनको थप रु.३० को दरले लाग्ने छ

(च) घोडा/गधा रु.३०००/-र प्रतिदिनको थप रु.५० को दरले लाग्ने छ

(छ) घोडा गधाको बच्चा (दुध खाने प्रतिदिनको रु.२५ को दरले लाग्ने छ।

(ज) बाख्रा/खसी/बोका रु.१०००/-र प्रतिदिनको थप रु.३० को दरले लाग्ने छ।

(झ) बाख्राको पाठा/पाठी (दुध खाने प्रतिदिनको रु.२० को दरले लाग्ने छ।

(ञ) सार्वजनिक सडकमा पशु चौपाया बाँध्ने पशु चौपाया धनीलाई प्रति चौपाया रु.१००/- का दरले जरिवाना गरिनेछ

(ट) कुनै पनि पशु चौपाया धनीले नगरपालिकाले व्यवस्थापन गरेको जनकपुरधाम गौशालामा आफ्नो पशु चौपाया राख्न चाहेमा (हस्तान्तरण/जिम्मा लगाएमा) नगरपालिकाले तोके बमोजिमको शुल्क रु ५०००/- तिरी राख्न सक्नेछ

(ठ) कुनै पनि पशु चौपाया धनीले आफूले पालेका पशु चौपायाहरू द्वारा नियतवस वा जानी जानी अरुको खेतबारी जग्गामा छाडा छाड्ने र बालीनालीको हानीनोक्सानी पुर्याई क्षति भएमा पशु चौपाया धनीलाई प्रति चौपाया रु.५००/- का दरले तथा क्षतिपूर्ति बिगो बराबरको रकम समेत थप जरिवाना गरिनेछ।

(ड) पशु चौपाया सम्बन्धी तोकिएको उल्लेखित जरिवाना नतिरी बाँकि राखेमा सो बाँकि रहेको जरिवाना सरकारी बाँकि सरह असुल उपर गरिनेछ र बाँकि रहेको जरिवाना असुल नभएसम्म नगरपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरु अन्त्यित गर्न सकिनेछ

(२) उपदफा (१) बमोजिम एक पटक जरिवाना बुझाई सकेका पशु चौपाया धनीले नियतवस सोहि कसुर पुन: गरेमा निजलाई पहिलो पल्ट गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाईनेछ।

**८. लिलाम बिक्री तथा वितरण गर्ने :–**

(१) दफा ७ को उपदफा (१) बमोजिम पशु चौपाया धनि पत्ता नलागेमा छाडा वा बेवारिसे पशु चौपायालाई नगरपालिकाले आफूले नियन्त्रणमा लिएको ३० दिन पछि समितिको निर्णय अनुसार वितरण गर्ने वा लिलाम बढाबढको संक्षिप्त प्रक्रिया अपनाई बिक्री वितरण को व्यवस्था गर्न सक्नेछ।

(२) यसरी लिलामबाट प्राप्त हुने रकम नगरपालिकाको कोषमा जम्मा गरिनेछ

(३) उप दफा (१) बमोजिम छाडा तथा बेवारिसे पशु चौपायाको लिलाम बिक्री वितरण पछि सो पशु चौपयामा कसैको माग दाबी रहने छैन।

(४) यस परिच्छेद बमोजिम लिलाम बढाबढ प्रकिया बाट व्यवस्थापन गर्न नसकिएका बेवारिसे छाडा पशु चौपायाको चौपाया धनि जनसुकै बखत पत्ता लागेमा पनि निजलाई दफा ७ को उपदफा (१) र (२) बमोजिमको जरिवाना गरि त्यस्ता चौपाया फिर्ता दिन सक्नेछ।

## परिच्छेद -४

## विविध

९. नगर स्तरीय छाडा चौपाया अनुगमन तथा व्यवस्थापन समिति।

(१) नगर क्षेत्रमा रहेका छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक नगरस्तरीय अनुगमन तथा व्यवस्थापन समिति रहनेछ

क) नगर प्रमुख -संयोजक

ख) नगर उप प्रमुख -सदस्य

ग ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

ङ) जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रमुख -सदस्य

च) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये–१जना,
सम्बन्धित वडाका वडाअध्यक्ष–१ जना गरी २ जना -सदस्य

छ)कृषि तथा पशुपन्छी विकास शाखा प्रमुख -सदस्य

ज)पशुपन्छी सेवा तर्फको -सदस्य सचिव

अनुगमन तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा विज्ञलाई समितिको संयोजकले आमन्त्रण गर्न सकिनेछ।

(२) वडा क्षेत्रमा रहेको छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक वडास्तरीय अनुगमन तथा व्यवस्थापन समिति रहनेछ त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछन्।

क) वडा अध्यक्ष -संयोजक

ख) वडा सदस्यहरु ४ जना - सदस्य

ग) पशु सेवा केन्द्रको कर्मचारी (स्थापना पश्चात) -सदस्य

घ) वडा सचिव - सदस्य-सचिव

उपरोक्त बमोजिमको समितिको बैठक मा वडास्तरका सम्बन्धित व्यक्तिहरुलाई समितिको संयोजकले आमन्त्रण गर्न सकिनेछ।

### १०. नगर प्रहरी कर्मचारी परिचालित हुने :–

(१) नगरपालिका क्षेत्र भित्र बेवारिसे अवस्थामा छाडिएका छाडा पशु चौपायाहरुको आवश्यक निगरानी र नियन्त्रणका लागि नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरी कर्मचारी लाई परिचालन गर्नेछ।

(२) नगर प्रहरी कर्मचारी अपर्याप्त रहेको अवस्थामा अन्य कर्मचारी समेत लाई नगर कार्यपालिकाको कार्यालयले उपदफा (१) र (२ ) बमोजिम छाडा पशु चौपाया नियन्त्रणमा खटिने नगर प्रहरी कर्मचारी र अन्य कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण र निर्देशन गर्नेछ।

### ११. पुरस्कारको व्यवस्था :–

पशु चौपाया सार्वजनिक स्थलमा बेवारिसे अवस्थामा छाड्ने, छाड्न लगाउने कार्यमा संलग्न पशु चौपाया धनीको पशु चौपाया गौशाला, कान्जी हाउस सम्म पुर्याउने व्यक्ति/कर्मचारी, अनुगमन समितीका सदस्य,वडालवला कर्मचारी र



अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

संघ संस्थालाई त्यस्तो चौपाया धनीबाट असुल गरिएको जरिवानाको २५% रकम तामाशाही ने पुरस्कार स्वरुप उपलब्ध गराइनेछ।

### १२.ऐन हेरफेर तथा परिमार्जन –

(१) यो ऐनमा समयानुकूल हेरफेर तथा परिमार्जन गर्ने अधिकार नगर सभामा निहित रहनेछ।

(२) यो ऐन कार्यान्वयन गर्ने क्रममा नगरकार्यपालिकाले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नगरसभा को निर्णयबाट भएको हेरफेर एवम् आदेश तथा निर्देशनको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रचार-प्रसार गर्नु पर्नेछ।

### १३. नियमावली, निर्देशिका,कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्ने :–

(१) यो ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ

(२) नगरपालिकाले यस ऐन र यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका,कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ

### १४.प्रचलित कानून बमोजिम हुने.–

यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

### १५. बचाउ :–

यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

### १६. कानून बनाउने सक्ने :–

यस ऐनले निर्दिष्ट गरेको उद्देश्य पुरा गर्ने गरी नियमावली वा कार्यविधि वा निर्देशिका बनाउन सकिन्छ।

### १७. खारेजी :–

संघीय कानून र प्रदेश कानून बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ।

**प्रमाणिकरण मिति:-२०८०|१२|०४**

**प्रकाशित मिति २०८१|०१|२६**

**आज्ञाले,**

**टेकराज पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित    मुल्य रु. १०/-(दश) रुपैया**